## कार्यपालिका वैठक आ.व.२०८२- ०८३ (२०८२/०७/०१)

आज मिति २०८२/०७/०१ गतेका दिन बिहान ८ : ०० बजेको समयमा आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष श्री शुक्र चुमानज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसियो ।

### उपस्थिती

| क्र.स. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | शुक्र चुमान | |
| २ | उपाध्यक्ष | दुर्गा अर्याल | |
| ३ | सदस्य | प्रेम बहादुर गुरुङ | |
| ४ | सदस्य | आस बहादुर गुरुङ | |
| ५ | सदस्य | दिनेश के.सी. | |
| ६ | सदस्य | मिलन भुजेल | |
| ७ | सदस्य | सन्तोष गुरुङ | |
| ८ | सदस्य | दिलिप गुरुङ | |
| ९ | सदस्य | बसुन्धरा गौली | बसुन्धरा |
| १० | सदस्य | सम्झना सुनार | |
| ११ | सदस्य | शुशिला नेपाली | |
| १२ | सदस्य | सुन कुमारी गुरुङ | |
| १३ | सदस्य | गंगा वि.क. | |
| १४ | सदस्य | भुगोल वि.क. | |
| १५ | सदस्य सचिव | चन्द्रकान्त तिमिल्सिना | |
| १६ | प्रशा. सहायक | अपेक्षा [illegible] | |
| १७ | | | |

## कार्यपालिका आ.व.२०८२/०८३ (२०८२/०७/०१) का प्रस्तावहरु :

१. समीक्षा सम्वन्धमा ।

क) असोज महिनाका काम तथा सेवाप्रवाह प्रगति विवरण सम्वन्धमा ।

ख) असोज महिनाको आय व्यय सम्बन्धमा ।

ग) अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयन सम्वन्धमा ।

२. चाडबाडमा शान्ति सुरक्षा व्यवस्थापन सम्वन्धमा ।

३. विविध सम्बन्धमा ।

## कार्यपालिका आ.व.२०८२/०८३ (२०८२/०७/०१) का निर्णयहरु :

**१. समीक्षा सम्बन्धमा ।**

**क)** अघिल्लो कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा छलफल तथा समीक्षा गरियो ।

**ख)** यस आँबुखैरेनी गाउँपालिका अन्र्तगत वडा कार्यालयहरु, शाखाहरु,आँबुखैरेनी अस्पताल, स्वास्थ्य सँस्थाहरुवाट पेश हुन आएको असोज महिनाको प्रगति प्रतिवेदनहरुउपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

**ग)** प्रमुख प्रशासकिय अधिकृतले पेश गर्नुभएको कार्यालयको असोज महिनाको आम्दानी खर्च प्रतिवेदन (सुत्र अनुसार) उपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो

**२. चाडबाडमा शान्ति सुरक्षा व्यवस्थापन सम्बन्धमा ।**

यहि महिनाको ०३ गतेबाट हिन्दु धर्मावलम्वीहरुको पर्व शुभ दिपावली पर्न गएको हुँदा शुभकामना प्रदान गर्ने निर्णय गरियो । साथै देशमा भर्खरै मात्र दुखद घटना घटीरहेको हुँदा चाडबाड मनाउँदा तडकभडक नगरी, सभ्य र शान्त भई मनाउन साथै राति अवेरसम्म देउसी भैलो कार्यक्रम नगर्न अनुरोध गर्ने निर्णय गरियो ।

Scanned with CamScanner